हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, अग्रगामी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिन: सर्वे सन्तु निरामया: । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत् ।

gorkhapatraonline.com



## प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी तीन तहका सरकारबीच बाँडफाँटका लागि भएका व्यवस्थालाई पुनरावलोकन गर्ने सम्बन्धी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको

## सूचना

नेपालको संविधान, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ बमोजिम यस आयोगले प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी सम्बन्धित प्रदेश र स्थानीय सरकारमा बाँडफाँटको लागि नेपाल सरकारलाई सिफारिस गर्दै आएको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित व्यवस्थामा देहायबमोजिम अध्ययन कार्य अघि बढेको हुँदा सोसँग सम्बन्धित सरोकारवालाबाट सुझाव, गुनासो तथा अन्य विषय भए यो सूचना प्रकाशित भएको ३५ दिन (मिति २०८१ कार्तिक २३ गते) भित्र आयोगको निम्न लिखित ठेगानामा लिखितरुपमा उपलब्ध गराइदिनुहुन सम्बन्धित सरोकारवालालाई अनुरोध गरिन्छ।

१) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित अनुसूची-४ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारमा बाँडफाँट गरिने प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा क्रमशः ५०, २५ र २५ प्रतिशत रहेको छ। सोही ऐनबमोजिम रोयल्टी बाँडफाँडको उक्त अनुपात यस आयोगको सिफारिसमा प्रत्येक पाँच वर्षमा पुनरावलोकन गर्न नेपाल सरकारलाई सिफारिस गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्ने व्यवस्था रहेकाले हाल सोको पुनरावलोकन सम्बन्धमा अध्ययन भैरहेकाले सो सम्बन्धमा सुझाव पठाउनु हुन।

२) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित अनुसूची-४ बमोजिम सम्बन्धित प्रदेश र स्थानीय सरकारले प्राप्त गर्ने रोयल्टी आयोगले निर्धारण गर्ने व्यवस्था रहेकोमा हाल आयोगले तय गरेको आधार (सूचक) र ढाँचा (भार) समेतको पुनरावलोकन गर्ने सम्बन्धमा अध्ययन कार्य भइरहेको हुँदा सो सम्बन्धमा सुझाव पठाउनु हुन।

**सुझाव पठाउने ठेगाना:**

**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग**

**सिंहदरवार, काठमाडौं**

**ईमेल ठेगाना:- info@nnrfc.gov.np, nnrfc.ktm@gmail.com**